# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६२

# Overview of Weekly Media Study Vol. 62


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


PDF पढ्नका लागि QR Scan गर्नुहोस

मिति : २०८२ चैत्र १५ आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल चैत्र ०९ गतेदेखि चैत्र १५ गतेसम्म प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण र लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– शपथअघि राप्रपा सांसदहरूद्वारा पशुपतिनाथ दर्शन, हिन्दु राष्ट्रको अठोट; बालेन्द्र साहको शपथमा १०८ जना बटुकद्वारा स्वस्ति वाचन; चैते दसैंको अवसरमा देशभरका शक्तिपीठहरूमा भक्तजनको घुइँचो; राम मन्दिरको विषय राष्ट्रिय चर्चामा किसानका मर्का सधैं छायामा; रामनवमी पर्व देशभर श्रद्धा-भक्तिपूर्वक मनाइँदै; 'महोत्सवमा थारू साहित्य संस्कृति' विशेष कार्यक्रम हुने; कला, संस्कृति संरक्षणका लागि 'पहल थिएटर'; उदाउँदो सूर्यलाई अर्घ्य दिँदै सकियो चैती छठ; 'सेतो मत्स्येन्द्रनाथको रथयात्रा' माथि वृत्तचित्र; पारम्परिक रूपमा हेर्दा बडादशैंभन्दा विशेष चैते दशैं हो : डा. देवेन्द्र प्रसाद पाठक; आयुर्वेदमा गर्भ संस्कार; सोह्र विद्यालयमा सङ्गीत शिक्षा; राना थारू समुदायमा परम्परागत पहिरन लगाउने चलन लोप हुँदै; २० चैतदेखि 'अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला' हुने; अठार जनाले मातृभाषामा शपथ लिने; बागलुङको ऐतिहासिक चैत्राष्टमी मेला सुरु हुँदै; पोखरामा आन्तरिक पर्यटकलाई आकर्षित गर्न 'जाउँ है पोखरा' अभियान; ओझेलमा परेको चाङ्गा धुरीमा पर्यटकीय पूर्वाधार र प्रवर्द्धन अभियान; पर्यटन विकाससँगै जैविक विविधता जोगाउन 'प्यारा' तालको संरक्षण गरिँदै; एक सय दस वर्ष पुरानो घरमा 'होमस्टे'; पर्यटक भिसामा आएका विदेशीलाई फुटबल लिग नखेलाउन अध्यागमन विभागको निर्देशन; बन्धक भूगोल : नेपाल, हिमाल र राष्ट्रको रणनीतिक भविष्य; लगायतका विषयहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– प्रधानमन्त्री शाहलाई भारतीय समकक्षी मोदीको बधाई; चिनियाँ प्रधानमन्त्रीद्वारा प्रधानमन्त्री शाहलाई बधाई तथा सहकार्य सुदृढ गर्ने प्रतिबद्धता; भारतमा सर्वोच्च अदालतको फैसला- धर्म परिवर्तन गरे जातिगत आरक्षण सुविधा नपाउने; नेपालको भू-राजनीतिक जटिलता : अवसर कि अभिशाप; लोकतान्त्रिक अभ्यास रक्षामा चुकिरहेको कांग्रेस; मुलुकलाई लोकतान्त्रिक निकास दिन प्रधानमन्त्री सफल : सभापति लामिछाने; निर्वाचन लोकतन्त्रको मेरुदण्ड : राष्ट्रपति; 'मतदानको उत्साह लोकतन्त्रप्रतिको आस्था'; 'प्रतिपक्ष कमजोर भए पनि लोकतन्त्रलाई जनताले लगाम लगाउँछन्'; मधेशवादी दलको यात्रा; संविधान संशोधनको समय; लगानीमैत्री नीतिको अपेक्षा; देश रूपान्तरणको ऐतिहासिक अवसर; आमाको नामबाट झन्डै तीन हजारले लिए नागरिकता; फोटोफिचर : शीतल निवासको पृथक शपथ समारोह; रास्वपाको काँधमा जनअपेक्षाको भारी; सुशासन मार्गचित्र; संविधान होइन, नेता सुध्रिनुपर्‍यो अब; असामान्य विश्व व्यवस्थामा नेपालको भूमिका; पुस्ता-पुस्ताको सुरक्षा चिन्ता; स्वनिर्भर अर्थतन्त्रको सङ्कल्प; नयाँ सरकारसँग जनअपेक्षा; दुई दशकको राजनीतिक जडता र परिवर्तनको मार्ग; न्यायपालिकाको विश्वास वृद्धिको बाटो; पर्यावरण जगेर्नाको ज्ञान; प्रश्नैप्रश्नमाथि उभिएको बालेनको अभिभारा; महिलाको सहभागिता बढ्यो, नेतृत्व प्रभावकारिता बढेन; महिलाका लागि 'ब्लु बस' सञ्चालन गर्ने सरकारको घोषणा; अबको निकास ?; प्रेरक प्रसंग : क्रोधको ताप; प्रधानमन्त्रीज्यू ! नेपालीहरू आशा र भरोसामा छन्; लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिइएको छ ।

**Date: 2082 Chaitra 15 , Sunday**

# Weekly Media Study Summary– Part 62

This weekly media study report, presented by Nepal Samwad Kendra, has been prepared after an in-depth review of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online platforms, print, and television media from **Chaitra 09 to Chaitra 15, 2082.** The report includes positive, readable and constructive contents published during this period.

During this period, Nepali media covered– *"RPP lawmakers visiting Pashupatinath and expressing commitment to a Hindu nation before taking oath; 108 Batuks chanting Swasti during Balen Shah's oath ceremony; Large crowds of devotees at Shakti Peeths across the country on the occasion of Chaitra Dashain; Ram Mandir becoming a national topic of discussion while farmers' issues remain overshadowed; Ram Navami being celebrated across the country with devotion; Special program 'Tharu Literature and Culture in Festival'; 'Pahal Theatre' for preservation of art and culture; Conclusion of Chaiti Chhath with offerings to the rising sun; Documentary on 'Seto Machhindranath Chariot Festival'; Chaitra Dashain being more significant than Dashain in traditional perspective - Dr. Devendra Prasad Pathak; 'Tharu Literature and Cultural Festival'; Garbha Sanskar in Ayurveda; Music education in sixteen schools; Traditional attire practice declining in Rana Tharu community; 'International Women Entrepreneurs Trade Fair' from 20 Chaitra; Eighteen individuals taking oath in mother tongue; Historic Chaitrashtami fair beginning in Baglung; 'Jaau Hai Pokhara' campaign to attract domestic tourists; Tourism infrastructure and promotion campaign in overlooked Chhangadhuri; Conservation of 'Pyara' lake to protect biodiversity along with tourism development; Homestay in a 110-year-old house; Immigration Department's directive restricting foreign tourists from playing football league on tourist visa; Captive Geography: Nepal, Himalaya and the Strategic Future of the Nation"* among other topics.

In terms of international, diplomatic, democratic and social coverage, topics such as – *"Indian Prime Minister Modi congratulating Prime Minister Shah; Chinese Prime Minister also extending congratulations and commitment to strengthen cooperation; Supreme Court verdict in India stating that those who convert religion will not receive caste-based reservation benefits; Nepal's geopolitical complexity: opportunity or challenge; Congress failing to safeguard democratic practices; Prime Minister successful in providing democratic outlet - Chairman Lamichhane; Elections as the backbone of democracy - President; Voter enthusiasm reflects faith in democracy; Even with weak opposition, people will check democracy; Journey of Madhes-based parties; Time for constitutional amendment; Expectation of investment-friendly policies; Historic opportunity for national transformation; Nearly three thousand receiving citizenship in mother's name; Unique oath ceremony at Shital Niwas; Burden of public expectation on RSP; Roadmap for good governance; Not the constitution, leaders must learn now; Nepal's role in an unusual world order; Intergenerational security concerns; Commitment to self-reliant economy; Public expectations from new government; Two decades of political stagnation and path to change; Ways to enhance trust in judiciary; Knowledge of environmental conservation; Responsibility on Balen under intense questions; Women's participation increased but leadership effectiveness not; Government announcement to operate 'Blue Bus' for women; What is the way forward?; Inspirational context: heat of anger; Prime Minister! Nepalese are in hope and trust"* among other topics.

The contents included in this weekly media study report present a clear, factual and systematic overview of contemporary, relevant and strategic national and international issues. It is believed that this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८२ चैत्र ०९ गतेदेखि चैत्र १५ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### शपथअघि राप्रपा सांसदहरूद्वारा पशुपतिनाथ दर्शन, हिन्दु राष्ट्रको अठोट

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदहरूले संसद्को शपथ ग्रहणअघि पशुपतिनाथ मन्दिरमा पुगेर दर्शन गरेका छन् । राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाही सहित सांसदहरू खुश्बु ओली, भरत गिरी र सरस्वती लामाले बिहीबार बिहान पशुपतिनाथको दर्शन गरेका हुन् । दर्शनपश्चात् सञ्चारकर्मीसँग कुरा गर्दै नेता शाहीले आफूहरू कुनै पनि गलत काम नगर्ने अठोटका साथ भगवान् पशुपतिनाथसँग प्रार्थना गर्न आएको बताए । 'हामीले जानेर वा नजानेर कुनै गलत काम नगरौं भन्ने कामनाका साथ यहाँ आएका हौं,' उनले भने । बाँकी... स्रोत : **https://www.ratopati.com/story/552843/rpp-mps-visit-pashupatinath-temple-before-swearing-in-ceremony-vow-to-build-hindu-nation**

### बालेन्द्र साहको शपथमा १०८ जना बटुकले स्वस्ति वाचन गर्ने

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाबाट प्रधानमन्त्रीको उम्मेदवार बनेका बालेन्द्र साहले शुक्रबार मध्यान्ह पद तथा गोपनीयताको सपथ लिने भएका छन् । प्रधानमन्त्री नियुक्त हुन लागेका रास्वपाका वरिष्ठ नेता साहको सपथग्रहणको साइत शुक्रबार दिउँसो १२ बजेर ३४ मिनेटमा तय भएको छ । सपथग्रहण ७ जना ब्राह्मणले शंखनाद गर्दै १०८ जना बटुकले स्वस्ति वाचन गर्ने र १०७ जना बौद्ध लामा गुरुहरूबाट मंगल वाचन गराउँदै धार्मिक तथा सांस्कृतिक रूपमा सपथ लिने तयारी गरिएको बताइएको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/108-batuks-to-recite-swastika-at-balendra-shah-s-swearing-in-ceremony-19-14.html**

### चैते दसैंको अवसरमा देशभरका शक्तिपीठहरूमा भक्तजनको घुइँचो

आज चैत्र शुक्ल अष्टमी अर्थात चैते दसैं । यस अवसरमा काठमाडौं उपत्यकासहित देशभरका विभिन्न शक्तिपीठ एवं देवीका मन्दिरहरूमा बिहानैदेखि भक्तजनको ठूलो भीड लागेको छ । विशेष गरी काठमाडौंको भद्रकाली, मैतीदेवी, नक्साल भगवती, शोभा भगवती, र गुह्येश्वरी मन्दिरहरूमा पूजाआजा र दर्शन गर्नेहरूको घुइँचो देखिएको छ । चैते दशैंका दिन देवीको उपासना गर्नाले सुख, शान्ति र मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/552805/devotees-throng-shaktipeeths-across-the-country-on-the-occasion-of-chaite-dashain**

### राम मन्दिरको विषय राष्ट्रिय चर्चामा, किसानका मर्का सधैं छायामा

करिब पाँच वर्षअघि रामायणका पात्र राम भारतका हुन् कि नेपालका भन्ने बहस जोडतोडले उठ्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले 'सीता भारतका रामलाई होइन, अयोध्याका रामलाई दिइएको हो' भनेपछि विषय सतहमा आयो । सिंगो देश राम कताका हुन् भनी पुष्टि गर्न लाग्यो । त्यसपछि त्यहाँ भगवान रामको मूर्ति नै स्थापना गरियो र मन्दिर बनाइयो । बालुवाटारबाट तामझामका साथ 'भगवान' राम, सीता, लक्ष्मण र हनुमानको मूर्ति पठाएर चितवनको माडी अयोध्यापूरीमा राखियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897072/ram-temple-issue-in-national-discussion-farmers-plight-always-in-the-shadows**

## ‘महोत्सवमा थारू साहित्य संस्कृति’ विशेष कार्यक्रम हुने

टीकापुर साहित्य महोत्सवको तेस्रो संस्करण थारू साहित्य तथा सांस्कृतिक महोत्सवका रूपमा मनाइने भएको छ । टीकापुर साहित्य समाजको आयोजनामा चैत १३ गतेदेखि १५ गतेसम्म टीकापुरमा साहित्य महोत्सव हुँदैछ । २०७९ सालमा स्थापना भएको टीकापुर साहित्य समाजले ‘साहित्यमार्फत् सामाजिक सदभाव’ भन्ने उद्घोषका साथ पहिलो साहित्य महोत्सव गरेको थियो । २०८१ सालमा सम्पन्न भएको दोस्रो संस्करणलाई पहलमानसिंह स्वाँर विशेष संस्करण नाम दिइएको थियो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198108**

## ‘थारू साहित्य तथा सांस्कृतिक उत्सव’

‘टीकापुर साहित्य महोत्सव-२०८२’ शुक्रबारदेखि सुरु भएको छ। टीकापुर साहित्य समाज र सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानको संयुक्त आयोजनामा सुरु भएको त्रिदिवसीय महोत्सव यस पटक ‘थारू साहित्य तथा सांस्कृतिक उत्सव’ का रूपमा केन्द्रित गरिएको छ। महोत्सवमा सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा. हेमराज पन्तले साहित्य महोत्सवमा भाषा, साहित्य, समाज विज्ञानका विविध विषयमा हुने छलफलले विश्वविद्यालयलाई पनि सहयोग पुग्ने बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198594**

## कला, संस्कृति संरक्षणका लागि ‘पहल थिएटर’

दाङमा सुविधासम्पन्न थिएटर बन्ने भएपछि स्थानीय कला, संस्कृतिको संरक्षण र प्रवर्धनमा थप टेवा पुग्ने भएको छ । स्थानीय कला, संस्कृति तथा सिर्जनशीलताको संरक्षण र प्रवर्धन गर्ने उद्देश्यसहित दाङको घोराहीमा सामुदायिक कलाघर ‘पहल थिएटर’ निर्माण हुने भएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198159**

## उदाउँदो सूर्यलाई अर्घ दिँदै सकियो चैती छठ

उदाउँदो सूर्यलाई अर्घ दिँदै चैती छठ पर्व विधिवत सम्पन्न भएको छ। व्रतालुले पूजा सामग्रीसहित हिजो साँझ अस्ताउँदो र आज बिहान उदाउँदो सूर्यको अर्घ दिएपछि चैती छठ पर्व सकिएको हो । कात्तिकमा मनाइने छठ पर्वजत्तिको उल्लेख्य संख्यामा चैती छठ पर्व मनाउनेहरु नभए पनि बर्सेनि यस पर्व मनाउनेको संख्या भने बढ्दै गएको छ। चार दिनसम्म अत्यन्त निष्ठासाथ मनाइने चैती छठको पहिलो दिन नहाय-खाय, दोस्रो दिन दिनभरि उपवास बसेर राति सख्खरमा पकाइएको खिरमात्र खाने चलन छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897376/chaiti-chhath-ends-with-offering-argha-to-the-rising-sun**

## ‘सेतो मत्स्येन्द्रनाथको रथयात्रा’ माथि वृत्तचित्र

वर्षा र सहकालका देवता सेतो मत्स्येन्द्रनाथको रथयात्रा जात्राबारे अभिलेखीकरण गर्ने उद्देश्यले निर्माण गरिएको ‘सेतो मत्स्येन्द्रनाथको रथयात्रा’ सम्बन्धी वृत्तचित्र सार्वजनिक गरिएको छ । काठमाडौँ महानगरपालिकाद्वारा आइतबार राजधानीमा आयोजित सेतो मत्स्येन्द्रनाथको रथयात्राको व्यवस्थापन सम्बन्धमा आयोजित बैठकमा सो वृत्तचित्र सार्वजनिक गरिएको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197661**

## रामनवमी पर्व देशभर श्रद्धा-भक्तिपूर्वक मनाइँदै

चैत्र शुक्ल नवमीका अवसरमा मनाइने रामनवमी पर्व आज देशभर श्रद्धा भक्तिपूर्वक भगवान् श्रीरामचन्द्रको पूजा आराधना गरी मनाइँदैछ । धार्मिक मान्यताअनुसार त्रेतायुगमा अयोध्याका राजा दशरथ र महारानी कौसल्याका सुपुत्रका रूपमा भगवान् श्रीरामको जन्म चैत्र शुक्ल नवमीकै दिन भएको थियो । विष्णुको सातौँ अवतार मानिने उहाँको जन्म पुनर्वसु नक्षत्रमा कर्कट लग्नसहित विशेष ग्रहयोगमा भएको उल्लेख छ । शास्त्रअनुसार उहाँको कुण्डलीमा सूर्य, मङ्गल, गुरु, शुक्र र शनि एकसाथ रहने दुर्लभ योग रहेको मानिन्छ ।बाँकी... स्रोत : **https://kendrabindu.com/social-affairs/509915/**

## चैत्र शुक्ल दशमी : सेतो मच्छिन्द्रनाथको रथ लगनमा

वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथको रथ शनिबार लगन पुऱ्याइएको छ । प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीदेखि दरबारमार्ग स्थित तीनधारा पाठशालाबाट सुरु हुने वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथको रथयात्रा तेस्रो दिन हनुमानढोकाबाट तानेर लगन पुऱ्याउने गरिन्छ । रथ लगन पुगेसँगै दर्शन एवं पूजा, आराधना गर्न भक्तजनको भीड लागेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/553358/chaitra-shukla-dashami-the-chariot-of-seto-machhindranath-is-offered-for-marriage**

## पारम्परिक रुपमा हेर्दा वडादशैं भन्दा विशेष चैते दशैं हो : डा.देवेन्द्र प्रसाद पाठक

धर्म संस्कृतिका अध्येता एवम ज्योतिष डा.देवेन्द्र प्रसाद पाठकले चैते दशैं बडादशैं भन्दा विषेश पर्व भएको बताएका छन् । उनले राम नवमी र चैते दशैं एक आपसमा सम्बन्धित भएको पनि बताए । नेपाल न्यूज बैंकसँग कुराकानी गर्दै उनले राम नवमी र चैते दशैं हिन्दु धर्म अनुसार मात्र नभइ वैदिक परम्परा अनुसार नै मनाइने गरेको बताए । 'चैते दशैं र राम नवमी मनाइनु हिन्दु परम्परा मात्र होइन, वैदिक परम्परा नै हो । दशैं मनाउने भन्नसाथै नवरात्रसँग जोडिन्छ । बाँकी...

स्रोत : **https://www.dcnepal.com/2026/03/748270/**

## आयुर्वेदमा गर्भ संस्कार

आजको तीव्र प्रतिस्पर्धात्मक र प्रविधिमुखी युगमा प्रत्येक अभिभावकको चाहना हुन्छ-स्वस्थ, बुद्धिमान, सुसंस्कृत र सक्षम सन्तान जन्मियोस् । के सन्तानको विकास केवल जन्मपछि मात्र सम्भव हुन्छ ? आयुर्वेदको दृष्टिकोण यसभन्दा धेरै गहिरो छ । आयुर्वेद भन्छ-शिशुको विकास गर्भमै सुरु हुन्छ । त्यहीँबाट उसको शरीर, मन, बुद्धि र व्यवहारको आधार निर्माण हुन्छ । यही वैज्ञानिक र आध्यात्मिक अवधारणालाई 'गर्भ संस्कार' भनिन्छ । गर्भ संस्कार भन्नाले गर्भावस्थालाई वैज्ञानिक ढङ्गले योजना बनाई स्वस्थ शिशु प्राप्त गर्ने र आमाको स्वास्थ्य सुनिश्चित गर्ने विशेष प्रक्रिया हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198481**

## सोह्र विद्यालयमा सङ्गीत शिक्षा

पूर्वी नवलपरासीको कावासोती नगरपालिकाले विद्यार्थीलाई सङ्गीतमा अध्ययन गराउन थालेपछि यसै वर्षदेखि नगरभित्रका १६ वटा विद्यालयमा सङ्गीत कक्षा सञ्चालनमा आएका छन् । सङ्गीत कक्षा सुरु भएपछि विद्यार्थीमा मोबाइलको लत घटाउन सहयोग गर्ने पनि सङ्गीत कक्षाको एउटा आधार भएको नगर शिक्षा अधिकारी हेमचन्द्र पौडेलले बताउनुभयो । सङ्गीत सिकाइले विद्यार्थीको विषयवस्तुमा ध्यानाकर्षण हुने क्षमता विकास हुने तथा आधुनिक तथा परम्परागत बाजाको संरक्षण गर्न यो कार्यक्रमले मद्दत गर्ने पौडेलको भनाइ छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198160**

## राना थारू समुदायमा परम्परागत पहिरन लगाउने चलन लोप हुँदै

सुदूरपश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्ने राना थारू समुदायका महिलाले प्रयोग गर्ने परम्परागत गहना र पहिरन लगाउने चलन घट्दै जान थालेको छ । आधुनिक गहना, बजारमा पाइने कपडा र जीवनशैलीमा आएको परिवर्तनका कारण परम्परागत पहिरन र गहनाको प्रयोग घट्दै गएको हो । शुक्लाफाँटा नगरपालिका-१२ कालागौँडीकी ६० वर्षीया सोमती रानाका अनुसार पहिले महिलाहरूले घरमै हातले बुनेका घघँरिया, अँगिया, फतुई, उढनिया लगायतका पहिरन लगाउने गर्थे । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/552141/the-custom-of-wearing-traditional-clothing-is-disappearing-among-the-rana-tharu-community**

## २० चैतदेखि 'अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला' हुने

महिला उद्यमीहरूको उत्पादन बजारसँग जोड्ने र उनीहरूको व्यावसायिक पहिचान प्रवर्द्धन गर्ने उद्देश्यसाथ काठमाडौंमा 'नवौं अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला २०२६' आयोजना हुने भएको छ । महिला उद्यमी महासंघ नेपालले २० देखि २२ चैतसम्म मेला आयोजना गर्न लागेको हो । ७७ जिल्लाका ग्रामीण तथा सहरी क्षेत्रका सफल महिला उद्यमीलाई प्रोत्साहन गर्ने लक्ष्य राखिएको मेलामा नेपाल सहित विभिन्न देशका महिला उद्यमी सहभागी हुनेछन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897242/international-women-entrepreneurs-trade-fair-to-be-held-from-20-chaitra**

## अठार जनाले मातृभाषामा शपथ लिने

प्रतिनिधि सभाका नवनिर्वाचित २७५ मध्ये १८ जना सदस्यले मातृभाषामा शपथ लिने सङ्घीय संसद् सचिवालयलाई जानकारी गराएका छन् । सोमबार बेलुकी ५ बजेसम्म १८ जना सदस्यले मातृभाषामा शपथ लिने जानकारी गराउँदै शपथको बेहोरा अनुवाद गरी सचिवालयमा बुझाएका छन् । सचिवालयका प्रवक्ता एकराम गिरीले मातृभाषामा शपथ लिने सम्बन्धमा नवनिर्वाचित सदस्यले सोमबार मध्यरातिसम्म जानकारी गराउने समयसीमा रहेकामा सो संख्या बढ्न सक्ने बताउनुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197792**

## बागलुङको ऐतिहासिक चैत्राष्टमी मेला सुरु हुँदै

बागलुङको पहिचान र ऐतिहासिक परम्परासँग जोडिएको प्रसिद्ध चैत्राष्टमी मेला भोलि मंगलबारदेखि सुरु हुँदैछ। कालिका भगवती गुठी व्यवस्थापन समितिको आयोजनामा चैत १० देखि १४ गतेसम्म सञ्चालन हुने यस मेलाको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ। 'गन्तव्य बागलुङ कालिका-स्थानीय उत्पादनको प्रवर्द्धन, कला संस्कृति र समृद्धिको आधार, धार्मिक पर्यटन' भन्ने मूल नाराका साथ आयोजना हुन लागेको मेलाले बागलुङको धार्मिक तथा सांस्कृतिक गरिमालाई थप उचाइ दिने विश्वास गरिएको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/552138/baglungs-historic-chaitrashtami-fair-begins**

## पोखरामा आन्तरिक पर्यटकलाई आकर्षित गर्न 'जाउँ है पोखरा' अभियान

आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यले पूर्वी नेपालको प्रमुख सहरलाई लक्षित गरी 'जाउँ है पोखरा' कार्यक्रम सुरुआत गरिएको छ। होटेल संघ नेपाल (हान) पोखराको आयोजना एवम् नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको समन्वय तथा सहकार्यमा आयोजित सो कार्यक्रम आजदेखि चैत १३ गतेसम्म जारी रहने छ । विगत २२ वर्षदेखि सञ्चालन हुँदै आएको सो अभियान वीरगञ्ज, हेटौँडा, विराटनगर, इलाम लगायतका सहरमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम आयोजना हुने संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । बाँकी... स्रोत : **https://www.ratopati.com/story/552116/jaun-hai-pokhara-campaign-to-attract-domestic-tourists-to-pokhara**

## ओझेलमा परेको चाङ्गा धुरीमा पर्यटकीय पूर्वाधार र प्रवर्द्धन अभियान

म्याग्दीको मङ्गला गाउँपालिका-५ स्थित चाङ्गा धुरीलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिएको छ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण चाङ्गा धुरीमा म्याग्दी जेसीजले शनिबार प्रवर्द्धनात्मक कार्यक्रम आयोजना गरेको हो। चाङ्गा धुरी पुगेका जेसीजका पदाधिकारी र स्थानीय बासिन्दाको सहभागितामा पर्यटकलाई लक्षित गर्दै सूचना बोर्ड स्थापना गरिनुका साथै पर्यटनको सम्भावनाबारे छलफल गरिएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198539**

## आन्तरिक पर्यटनमा आशा जगाउँदै सकियो 'जाउँ है पोखरा'

होटेल सङ्घ नेपाल (हान) पोखराको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको समन्वय तथा सहकार्यमा चैत ९ गतेदेखि पूर्वी नेपालका प्रमुख सहरहरूलाई लक्षित गरी सञ्चालित 'जाउँ है पोखरा' कार्यक्रम शुक्रबार सकिएको छ । आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यका साथ विगत २५ वर्षदेखि बर्सेनि देशका प्रमुख सहरहरूमा 'जाउँ है पोखरा' अभियान सञ्चालन गरिरहेको सङ्घले यस पटक पूर्वी नेपालका वीरगञ्ज, हेटौँडा, विराटनगर र इलाममा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरेको सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले बताए। बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/03/28/707815/lets-go-to-pokhara-ends-raising-hopes-for-domestic-tourism//**

## पर्यटकीय राजधानीबाट पर्यटनमन्त्री

नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेलले पदभार ग्रहण गर्नुभएको छ। शुक्रबार मन्त्रालय पुगेर उहाँले पदभार ग्रहण गर्नुभएको हो। पदभार ग्रहण गर्नुअघि मन्त्री पौडेलले शीतल निवासमा आयोजित समारोहमा पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । पदभार ग्रहणपछि प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो, "पर्यटन क्षेत्र सबैभन्दा संवदेनशील क्षेत्र हो । प्रर्यटनको प्रवर्धन नगरी यस क्षेत्रबाट आर्थिक समृद्धि हासिल गर्न समस्या रहेकाले अन्तरमन्त्रालय समन्वयमार्फत विद्यमान समस्या समाधानतर्फ लाग्छौं । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198470**

## पर्यटन विकाससँगै जैविक विविधता जोगाउन 'प्यारा' तालको संरक्षण गरिँदै

कैलालीसँगै सिमाना जोडिएको जिल्ला कञ्चनपुरको पुनर्वास नगरपालिका-८ र वडा नं ९ मा अवस्थित 'प्यारा' ताल प्राकृतिक, जैविक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छ। प्राकृतिक सुन्दरता, शान्त वातावरण, जैविक विविधताले भरिपूर्ण यस तालले पर्यटन प्रवर्द्धनको ठूलो सम्भावना बोकेको छ । राज्यका सरोकारवाला निकायको पहुँचभन्दा टाढा रहेका कारण ओझेल परेको तालको संरक्षण तथा संवर्द्धनका लागि सुरुमा नागरिकस्तरबाटै केही गर्न सकिन्छ भन्ने उद्देश्यले ताल संरक्षणको अभियानमा जुटेको प्याराताल पर्यटन प्रवर्द्धन तथा संरक्षण समितिका अध्यक्ष दीपेन्द्र बस्नेतले जानकारी दिए। बाँकी...

स्रोत : **https://khabarhub.com/2026/27/947103/**

## गुराँस हेर्न पर्यटक घोडेपानीमा

'म त लालीगुराँस भएछु, वनैभरि फुलिदिन्छु, मनैभरि फुलिदिन्छु' स्वर सम्राट नारायणगोपालको यो गीतको शब्दझैँ म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने घोडेपानीको पाखा गुराँस फुलेर रङ्गिएको छ। वसन्त ऋतुको आगमनसँगै पाखाभरी ढकमक्क लालीगुराँस फुलेर मनमोहक र आकर्षक बनेको घोडेपानी प्रकृतिप्रेमी पर्यटकहरुको रोजाइमा परेको छ। घोडेपानीका होटल व्यवसायी हेमन्त वुद्धजा पुनले गुराँसको सौन्दर्यमा रमाउन आएका पाहुनाहरुले दुई दिनयता होटलहरु भरिभराउ भएका बताए। बाँकी...

स्रोत : **https://nepalwatch.com/2026/03/28/205695**

## सुनसरीमा हर्षोल्लासका साथ रामनवमी पर्व मनाइयो

सुनसरीको पवित्र धार्मिक स्थल रामधुनी मन्दिर र अन्य राम मन्दिरहरूमा हर्षोल्लासका साथ रामनवमी पर्व मनाइएको छ। चैत्रशुक्ल नवमीको अवसरमा भगवान् श्रीरामको जन्म भएको सम्झनामा पूजा-अर्चना र मेला आयोजना गरिएको हो। रामनवमी पर्व त्रेता युगमा अयोध्याका राजा दशरथ र रानी कौसल्यादेवीको सुपुत्रका रूपमा श्रीरामको जन्म भएको दिनको सम्झनामा मनाउने गरिन्छ । हिन्दु समुदायका स्थानीयहरूले घरघरमा रामको मूर्ति बनाएर पूजा-अर्चना गरेका छन्। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198388**

## भृकुटी-अरनिको ओकु-बाहा कि कुर्पासी

फ्रान्सेली इतिहासकार प्रो. सिल्भा लेभीले तिब्बतको इतिहासबाट राजकुमारी भृकुटीलाई अंशुवर्माकी छोरी जस्तो इङ्गित गरेका तथा पाटनमा तीन/चार सय वर्ष पहिलेदेखि ढलौटको काम हुने भएको हुँदा अरनिको पाटनमा जन्मेका हुन सक्ने भनाइले इतिहासकारहरू अलमलिए । दुवै विभूतिका बारे इतिहासकार र लेखकहरूले आ-आफ्नै ढङ्गले प्रस्तुति गरे, जुन यसप्रकार छ : बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198522**

## Chaiti Chhath begins in Tarai

The Chaiti Chhath festival has begun in the Tarai districts, including Mithilanchal, from Sunday. this religious festival is celebrated for four days. Devotees are busy preparing to observe Chaiti Chhath with purity and mutual harmony. on the first day, devotees bathe and eat clean food. On the second day, Monday evening, they prepare offerings such as rice pudding, bananas, and other items, worship them, eat the prasad ( blessed food), and observe a fast. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/77571**

## Gumba: A forgotten village of Bajura

Tucked away in one of the country's most remote corners, Gumba village stands as a stark reminder of uneven development, where modern state services remain largely out of reach despite gradual progress elsewhere. located in Himali Rural Municipality, one of the most inaccessible regions of Bajura, ranked 77th in the country on the Human Development Index, Gumba village lies nearly 200 kilometres from the district  Martadi and about 150 kilometres from the municipal centre. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/77578**

## एक सय दस वर्ष पुरानो घरमा 'होमस्टे'

इलाममा आउने पर्यटकलाई इलाम सदरमुकामनजिकै रहेको नेपाल भिलेज होमस्टेले निकै आकर्षण गर्ने गरेको छ । यो होमस्टे नयाँ बनेको घर भने होइन, न त यो कुनै सुविधा सम्पन्न होटेल रिसोर्ट नै हो । ११० वर्षअघि निर्माण भएको पुरानो घरलाई होमस्टेका रूप दिइएपछि देश विदेशका पाहुनाका लागि यो रोजाइ बन्न थालेको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198151**

## पर्यटक भिसामा आएका विदेशीलाई फुटबल लिग नखेलाउन अध्यागमन विभागको निर्देशन

गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागले पर्यटक भिसामा नेपाल आएका विदेशी नागरिकलाई कुनै पनि खेलकुद गतिविधिमा सहभागी नगराउन निर्देशन दिएको छ । विभागले हालै अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई पत्राचार गर्दै पर्यटक भिसा लिएर अन्य उद्देश्यका काम गर्न नपाइने स्पष्ट व्यवस्था रहेको स्मरण गराउँदै यस्तो निर्देशन दिएको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197119**

## बन्धक भूगोल : नेपाल, हिमाल, र राष्ट्रको रणनीतिक भविष्य

नेपालको भूगोलले यसको राजनीतिक विकास र अस्तित्वलाई आकार दिएको छ, हिमालयले राष्ट्रलाई आक्रमणबाट जोगाएको छ र रणनीतिक ढालको भूमिका खेलेको छ । नेपालको वर्तमान राजनीतिक नेतृत्वले भूगोलको रणनीतिक महत्वलाई बिर्सिएर आन्तरिक गुटीय संघर्षमा सीमित भएको छ र स्पष्ट भूराजनीतिक दृष्टिकोण अभाव छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1895552/hostage-geography-nepal-the-himalayas-and-the-nations-strategic-future**

## प्रधानमन्त्री शाहलाई भारतीय समकक्षी मोदीको बधाई

नेपालका नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)लाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई दिनुभएको छ। प्रधानमन्त्री शाहले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएपछि भारतका प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत् बधाई दिँदै सफल कार्यकालको कामना गर्नुभएको हो । प्रधानमन्त्री मोदीले आफ्नो सन्देशमा शाहको नियुक्तिले नेपाली जनताले उहाँको नेतृत्वप्रति राखेको गहिरो विश्वास र भरोसालाई प्रतिविम्बित गरेको उल्लेख गर्नुभएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198405**

## चिनियाँ प्रधानमन्त्रीद्वारा प्रधानमन्त्री शाहलाई बधाई, सहकार्य सुदृढ गर्ने प्रतिबद्धता

चीनका प्रधानमन्त्री ली छ्याङले नेपालको प्रधानमन्त्रीमा बालेन्द्र शाह नियुक्त हुनुभएकामा हार्दिक बधाई ज्ञापन गर्दै द्विपक्षीय सहकार्य र साझेदारीलाई सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। प्रधानमन्त्री शाहलाई शनिबार एक बधाई सन्देश पठाउँदै चिनियाँ प्रधानमन्त्रीले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198524**

## भारतमा सर्वोच्च अदालतको फैसला- धर्म परिवर्तन गरे जातिगत आरक्षण सुविधा नपाउने

भारतको सर्वोच्च अदालतले 'अनुसूचित जाति-जनजाति'ले धर्म परिवर्तन गरे ती जातिलाई सरकारले उपलब्ध गराउँदैआएको सुविधा र आरक्षण नपाउने फैसला गरेको छ। मंगलबार आएको सर्वोच्चको फैसलाले अनुसूचित जातिको कुनै पनि व्यक्तिले धर्म परिवर्तन गरेर इसाई धर्म अपनाए 'अनुसूचित जाति र अनुसूचित जनजाति(अत्याचार निवारण) अधिनियमअनुसार कुनै पनि लाभ र सुविधा नपाउने उल्लेख छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897143/supreme-court-of-india-rules-that-caste-reservation-benefits-will-not-be-available-if-one-changes-**

## नेपालको भू-राजनीतिक जटिलता : अवसर कि अभिशाप

अन्तर्राष्ट्रिय सम्बन्ध र राजनीतिमा भूगोलको कारणले पर्न सक्ने प्रभावको अध्ययनलाई भू-राजनीति भनिन्छ। यो राजनीतिक भूगोलको एउटा सिद्धान्त हो। भू-राजनीति अध्ययन विधिले मुलुकको भूगोल विशेषको कारणले अन्तर्राष्ट्रिय राजनीतिक सम्बन्ध, विदेश नीति, संगठनात्मक अन्तरसम्बन्धको बारेमा व्याख्या, विश्लेषण र पूर्व अनुमान गरिन्छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2021/11/1040023**

## New mandate and Nepal-India relations

In a stunning political shift in Nepal, the Rastriya Swatantra Party (RSP), established just four years ago by the TV reporter-turned-politician Rabi Lamichhane, has exceeded all expectations and secured a landslide victory in the parliamentary election. बाँकी... स्रोत : **https://kathmandupost.com/columns/2026/03/24/new-mandate-and-nepal-india-relations**

## चीनको १५ औँ पञ्चवर्षीय योजना : नेपालका लागि अवसर

चीनले आफ्नो विकासको नयाँ अध्यायका रूपमा २०२६ देखि २०३० सम्मको १५ औँ पञ्चवर्षीय योजना सार्वजनिक गरेको छ । यो योजना चीनको भविष्यको मार्गचित्र मात्र नभई विश्व अर्थतन्त्रमा अग्रसरता कायम राख्ने रणनीतिक दस्तावेज पनि हो । अनुसन्धानकर्ता डा. सीता ढुंगानाका अनुसार, योजना दुई चरणको व्यापक छलफल र जनपरामर्शपछि तयार पारिएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198041**

## लोकतान्त्रिक अभ्यास रक्षामा चुकिरहेको कांग्रेस

नेपाली राजनीतिमा एउटा मान्यता स्थापित छ, यहाँको संसदीय लोकतन्त्रको पक्षमा सबैभन्दा बलियो रूपमा पहिलेदेखि नै उभिएको एक शक्ति नेपाली कांग्रेस हो । उसको स्थापना, इतिहास र रणनीतिहरूको अध्ययन गर्दा यो कुरामा विमति राख्नुपर्ने कुनै ठाउँ छैन । त्यतिमात्र होइन, देशमा रहेका सबै शक्तिहरूलाई यही संसदीय लोकतान्त्रिक अभ्यासमा ल्याउने सन्दर्भमा कांग्रेसले अगुवाइसमेत गरेको छ । बाँकी...
स्रोत : **https://annapurnapost.com/story/496614/**

## मुलुकलाई लोकतान्त्रिक निकास दिन प्रधानमन्त्री सफल : सभापति लामिछाने

प्रधानमन्त्री सुशीला कार्कीसँग राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले आज बालुवाटारमा शिष्टाचार भेट गर्नुभएको छ । सभापति लामिछानेले प्रधानमन्त्री कार्कीको नेतृत्वमा ऐतिहासिक निर्वाचन सम्पन्न भई देशले शान्तिपूर्ण रूपमा निकास पाएको भन्दै बधाई ज्ञापन गर्नुभयो । उहाँले भन्नुभयो, "समयमै निष्पक्ष निर्वाचन सम्पन्न भई मुलुकले सहज र लोकतान्त्रिक निकास पाएको छ । यो सामान्य कुरा होइन । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/197632**

## निर्वाचन लोकतन्त्रको मेरूदण्ड : राष्ट्रपति

राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनमार्फत् जनताले प्रकट गरेको अभिमतले जनप्रतिनिधिको काँधमा ठूलो दायित्व आएको बताउनुभएको छ । निर्वाचन आयोग नेपालद्वारा बुधबार आयोग परिसर बहादुर भवनमा आयोजित जलपान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले स्वतन्त्रता, सामाजिक न्याय, सुशासन, विकास र मुलुकको समृद्धिका लागि सबैले एकजुट भएर काम गर्नुपर्छ भन्नुभयो । बाँकी...
स्रोत : **https://kantipurtv.com/news/2026/03/25/1774429892.html**

## ‘मतदानको उत्साह लोकतन्त्रप्रतिको आस्था’

राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनमा मतदाताले देखाएको अभूतपूर्व सहभागिता लोकतन्त्रप्रतिको अटुट विश्वास भएको बताउनुभएको छ। चुनावी प्रक्रिया समापनका अवसरमा निर्वाचन आयोगले बुधबार आयोजना गरेको जलपान समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ तुल्याएको बताउनुभयो। उहाँले निर्वाचनबाट जनताले प्रकट गरेको अभिमतले निर्वाचित जनप्रतिनिधिको काँधमा ठुलो दायित्व रहेको बताउनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198145**

## ‘प्रतिपक्ष कमजोर भए पनि लोकतन्त्रलाई जनताले लगाम लगाउँछन्’

मुलुकमा यसपटकको प्रतिनिधिसभा निर्वाचनले नयाँ मानक बनाएको छ। पुराना दललाई कुनातिर धकेल्दै चार वर्षअघि मात्र स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले करिब दुईतिहाइको समर्थन प्राप्त गरेको छ। निर्वाचनले यसपटक मुलुकमा राजनीतिक परिवर्तनको सशक्त झलक दिएको छ। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/interview/even-if-the-opposition-is-weak-the-people-rein-in-democracy-10-28.html**

## मधेशवादी दलको यात्रा

आमनिर्वाचन २०८२ को जनादेशले नेपालको राजनीतिमा नयाँ मोड ल्याएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ गरी कुल १८२ सिटमा विजय हासिल गरेको छ। यो सिट संख्या दुई तिहाइ (१८४) नजिकको हो। नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछिको साढे तीन दशकमा यति ठुलो चुनावी सफलता कुनै पनि राजनीतिक दलले प्राप्त गरेको थिएन। यसभन्दाअघि २०१५ सालको पहिलो आमनिर्वाचनमा बिपी कोइराला नेतृत्वको नेपाली कांग्रेसले दुई तिहाइ सिट हासिल गरेको थियो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197668**

## ग्रामीण सहकारीको अस्तित्व संकट

सहकारी संस्थालाई नियमन/अनुगमन गर्ने निकाय धेरै वटा हुँदा यतिबेला समग्र सहकारी क्षेत्र अन्योलमा छ। देश सङ्घीय संरचनामा प्रवेश गर्नुअघि सहकारी क्षेत्रको नियमन मुख्यतः सहकारी विभाग र जिल्लास्तरका डिभिजन सहकारी कार्यालयमार्फत हुने गरेको थियो। सहकारी दर्ता, एकीकरण, विभाजन, खारेजी तथा नियमित अनुगमनको जिम्मेवारी एकीकृत रूपमा एकद्वारबाट हुने गर्थ्यो। एकद्वार प्रणालीले सहकारी संस्थाहरूलाई स्पष्ट कार्यदिशा दिएको थियो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197658**

## निर्वाचनमा नयाँ मानक स्थापित गरेका छौं : गृहमन्त्री

गृहमन्त्री ओमप्रकाश अर्यालले हालै सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन ऐतिहासिक रूपमा सफल रहेको उल्लेख गर्दै यसले नयाँ मानक स्थापित गरेको बताउनुभएको छ। सोमबार गृह मन्त्रालयमा आयोजित कार्यक्रममा गृहमन्त्री अर्यालले यस पटकको निर्वाचन शान्तिपूर्ण र पुनः मतदानको आवश्यकता नपर्ने गरी सम्पन्न भएको जनाउनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197793**

## लगानीमैत्री नीतिको अपेक्षा

ङ्किङ प्रणालीमा तरलता चुलिएको र ब्याजदर निरन्तर घट्दै गए पनि अर्थतन्त्रले अपेक्षित गति लिन सकेको छैन। सस्तो कर्जाको पहुँच बढ्दासमेत लगानीमा हिच्किचाइरहेको र बजारमा माग कमजोर रहँदा आर्थिक गतिविधि अझै सुस्त देखिएको छ। न्यून ब्याजदरमा पर्याप्त लगानीयोग्य पुँजीले नयाँ सरकारको लगानीमैत्री नीति अर्थतन्त्रले अपेक्षा गरिरहेको विज्ञको भनाइ छ। अहिले बैङ्किङ प्रणालीमा तरलता सहज र वित्तीय सूचक बलिया देखिए पनि वास्तविक अर्थतन्त्रमा गतिविधि सुस्त छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197786**

## देश रूपान्तरणको ऐतिहासिक अवसर

नेपालमा फागुन २१ मा सम्पन्न निर्वाचनले देशको राजनीतिक यात्रामा नयाँ मोड ल्याएको छ । यो सरकार परिवर्तनमात्र नभई जनताले विगतको राजनीतिक संस्कारप्रति गरेको अस्वीकार र नयाँ विकल्पप्रति विश्वासको स्पष्ट अभिव्यक्ति हो । परम्परागत दलहरूको शासनशैली, भ्रष्टाचार, भागबन्डा र कमजोर सेवा प्रवाहप्रति नागरिकमा बढ्दो असन्तुष्टि तथा निराशाले वैकल्पिक शक्तिको खोजी गऱ्यो । परिणामस्वरूप, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई झन्डै दुईतिहाइ जनादेश प्राप्त भयो । बाँकी...

स्रोत : **https://baahrakhari.com/detail/481871**

## आमाको नामबाट झन्डै तीन हजारले लिए नागरिकता

नेपाल नागरिकता (चौथो संशोधन) नियमावली,२०८२ जारी भएदेखि आमाको नामबाट करिब तीन हजार जनाले नागरिकता लिएका छन् । नयाँ नियमावली जारी भएपछि हालसम्म २ हजार ९४८ जनाले नयाँ व्यवस्था अनुसार नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जनाएको छ । चौथो पटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो । पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1896839/nearly-3000-people-obtained-citizenship-in-their-mothers-name**

## पदभारका लागि सिंहदरबार पुगे प्रधानमन्त्री बालेन

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) पदभारका लागि पुगेका छन् । उनी भर्खरै सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय पुगेका हुन् । उनले केहीबेरमा पदभार ग्रहण गर्दैछन् । राष्ट्रपति रामचन्द्र पौडेलले शीतल निवासमा आयोजित विशेष समारोहमा ३६ वर्षीय बालेन र अन्य १४ जना नवनियुक्त मन्त्रीहरूलाई शपथ ग्रहण गराएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1899102/prime-minister-balen-arrives-at-singha-durbar-to-assume-office**

## राष्ट्रपतिसमक्ष प्रधानमन्त्री बालेन्द्र शाहले लिनुभयो पद तथा गोपनीयताको शपथ

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ। नेपालको ४३ औं प्रधानमन्त्री पदमा नियुक्त हुनुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता शाहले राष्ट्रपति कार्यालय शीतल निवासमा शपथ ग्रहण गर्नुभएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198395**

## १५ सदस्यीय मन्त्रिपरिषद् : प्रधानमन्त्रीसहित नवनियुक्त मन्त्रीको शपथ

प्रधानमन्त्रीका रूपमा बालेन्द्र शाहसहित मन्त्रिपरिषद्का १५ सदस्यले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। प्रधानमन्त्री शाहले शपथ लिनु भएलगत्तै नवनियुक्तमन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको हो। राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त मन्त्रीले शपथ लिनुभएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198398**

## तस्बिरमा प्रधानमन्त्री र मन्त्रीको शपथ समारोह

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार नवनियुक्त प्रधानमन्त्री शाहको उपस्थितिमा राष्ट्रपतिको कार्यालयमा आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198402**

## फोटोफिचर : शीतल निवासको पृथक शपथ समारोह

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री नियुक्त भएसँगै पद तथा गोपनीयताको शपथ समेत लिइसकेका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/03/27/sheetal-niwass-separate-oath-taking-ceremony-photos-33-52.html**

## सञ्चारमन्त्री डा. तिमल्सिनाद्वारा पदभार ग्रहण

नुवाकोट-१ बाट निर्वाचित सांसद डा. विक्रम तिमल्सिना सञ्चार तथा सूचना प्रविधि मन्त्रीमा नियुक्त हुनु भएको छ। उहाँले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनु भएको छ। त्यसको लगत्तै उहाँले सञ्चार मन्त्रालयमा पदभार ग्रहण गर्नु भएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198406**

## संसदीय इतिहासमा सांसदहरूलाई शपथ खुवाउने ज्येष्ठ सदस्य को-को हुन् ?

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरुले पद तथा गोपनीयताको शपथ लिँदैछन्। प्रतिनिधिसभा सदस्यहरुमध्ये सबैभन्दा ज्येष्ठ सदस्यले बाँकी सदस्यहरूलाई शपथ गराउने कानुनी व्यवस्था छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1898061/who-is-the-oldest-member-to-administer-the-oath-to-mps-in-parliamentary-history**

## शपथ गराएका ज्येष्ठ सदस्य

प्रतिनिधि सभाका नवनिर्वाचित सदस्य अर्जुननरसिंह केसीले ज्येष्ठ सदस्यको हैसियतमा प्रतिनिधि सभाको सदस्यको शपथग्रहण गर्नुभएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले ज्येष्ठ सदस्य केसीलाई बुधबार राष्ट्रपतिको कार्यालय शीतल निवासमा आयोजित एक कार्यक्रमबिच शपथ गराउनुभएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198143**

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897557/arjun-narsingh-kc-takes-charge,**

स्रोत : **https://www.ratopati.com/story/552626/senior-member-of-the-house-of-representatives-kc-takes-office-photos**

स्रोत : **https://gorkhapatraonline.com/news/198047**

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191326/2026-03-25**

स्रोत : **https://nepallive.com/story/345204**

## देशको अर्थतन्त्र सुधार्ने जिम्मा अर्थशास्त्री डा. वाग्लेलाई

लन्डन स्कुल अफ इकोनोमिक्सबाट अर्थशास्त्रमा स्नातक गर्नुभएका डा.स्वर्णिम वाग्ले नेपालको स्थापित अर्थशास्त्रीमध्येको एक हुनुहुन्छ । गोरखाको बुङ्कोटमा जन्मिनुभएका डा. वाग्ले एक प्रखर अर्थशास्त्री र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति हुनुहुन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198401**

## हात नचले पनि हिम्मत नहारेका सन्देश, खुट्टाले कोर्दैछन् भविष्य

रोल्पाको ओरालो-उकालो गर्दै करिब डेढ घण्टाको पैदल यात्रा गर्दै १२ वर्षीय एक बालक दैनिक परीक्षा केन्द्र पुग्छन् । अनि खुट्टाले नै परीक्षा लेखेर फर्किन्छन् । यी हुन् रोल्पा नगरपालिका-१० धवाङ, धाङ्सी गाउँका सन्देश बुढामगर, जो यतिबेला खुट्टाकै सहाराले आफ्नो भविष्य लेखिरहेका छन् । नेपाल राष्ट्रिय आधारभूत विद्यालयका कक्षा-५ का विद्यार्थी उनी परीक्षा दिन अर्को वडाको हिमालय मावि पुग्छन् । जिल्लामा चैत ८ गतेदेखि सुरु भएको पालिकास्तरीय वार्षिक परीक्षामा सहभागी हुन्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897345/a-message-of-not-losing-courage-even-though-your-hands-cant-move-drawing-the-future-with-your-feet**

## आगामी बजेटमा निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिन सुझाव

आगामी आर्थिक वर्षको बजेटमा निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिन सरोकारवालाले जोड दिएका छन् । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले आगामी आव २०८३/८४ को बजेटबारे आयोजना गरेको छलफलमा निर्यातकर्ता, वस्तुगत महासंघ र उद्योग वाणिज्य क्षेत्रसँगका प्रतिनिधिमूलक संघसंस्थाका प्रतिनिधिले यस्तो सुझाव दिएका हुन् । केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले निर्यातकर्ताको भावना बजेटमा समेटेर देशको समग्र निर्यातमा नयाँ गति र दिशा दिन आवश्यक भएको बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897094/suggestions-to-prioritize-export-promotion-in-the-upcoming-budget**

## गृहमन्त्री सुधनको पहिलो निर्णय- एकद्वार प्रणालीबाट काम गर्ने

नवनियुक्त गृहमन्त्री सुधन गुरुङले पदभार ग्रहण गरेका छन् । राष्ट्रपति कार्यालयमा शपथ ग्रहण समारोह सकिएसँगै सिंहदरबार पुगेर मन्त्री गुरुङले पदभार ग्रहण गरेका हुन् । साथै, उनले आफ्नो कार्यकालको पहिलो निर्णयबारे पनि जानकारी गराएका छन् । उनले सबै कामहरू एकद्वार प्रणालीबाट अघि बढाउने निर्णय लिएका छन् । सो क्रममा उनले भीआईपी लावालस्कर लगाएर जनतालाई दुःख दिने काम गर्न नहुने बताए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1899187/home-minister-sudhans-first-decision-to-work-through-a-single-door-system**

## राखेपको स्पष्टीकरणलाई चुनौती दिँदै एन्फा पदाधिकारी चुनावका लागि झापातिर

अखिल नेपाल फुटबल संघ (एन्फा) को 'अर्ली इलेक्सन' को विषयमा राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले स्पष्टीकरण सोधेको छ। परिषद्का खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले मंगलबार एन्फालाई पत्राचार गर्दै पत्र प्राप्त भएको २४ घण्टाभित्र सफाइ पेस गर्न निर्देशन दिएका छन्। तर, एन्फा प्रशासनले १३ चैतमा साधारणसभामा सहभागी हुन मंगलबारै सूचना प्रकाशित गरी कार्यालय बन्द गरेको जानकारी दियो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191330/2026-03-25**

## नागढुंगा सुरुङमार्ग सञ्चालन गर्न चिनियाँ कम्पनीको प्रस्ताव सबैभन्दा सस्तो

जापानी ऋण सहयोगमा निर्माणको अन्तिम चरणमा रहेको नागढुंगा-सिस्नेखोला सुरुङमार्ग सञ्चालनको ठेक्का चिनियाँ कम्पनीले पाउने भएको छ। प्राविधिक रूपमा छनोट भएका सात प्रतिस्पर्धीमध्ये युक्सिन-एआरटी संयुक्त उपक्रमको वित्तीय प्रस्ताव सबैभन्दा कम देखिएको छ। योसँगै अब परियोजना सञ्चालनको ठेक्का पनि सोही कम्पनीले पाउने देखिएको विभागका एक उच्च अधिकारीले जानकारी दिए। युक्सिन चिनियाँ र एआरटी नेपाली कम्पनी हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191335/2026-03-25**

## ७७ जिल्लामै पुग्यो एसइई प्रश्नपत्र

१९ चैतदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)का लागि ७७ जिल्लामै प्रश्नपत्र पुगेको छ। सबै जिल्लाका जिल्ला प्रहरी कार्यालयमा प्रश्नपत्र र उत्तरपुस्तिका पुर्‍याइएको राष्ट्रिय परीक्षा बोर्डले जानकारी दिएको हो। उक्त प्रश्नपत्र र उत्तरपुस्तिका प्रहरीले परीक्षा मितिकै दिन वा अवस्था हेरेर त्यसअघि नै जिल्ला शिक्षा समन्वय इकाइसँग सहकार्य गरी परीक्षा केन्द्रहरूमा पुर्‍याउने योजना छ। जापानमा एकसहित देशभर एक हजार ९९१ परीक्षा केन्द्र तोकिएको छ भने पाँच लाख नौ हजार परीक्षार्थी सामेल हुँदै छन्। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191327/2026-03-25**

## इन्धन संकट टार्न जोरबिजोर प्रणाली बहसमा सरकार

इजरायल-अमेरिका र इरानबीच जारी सैन्य तनाव तत्काल अन्त्य हुने संकेत देखिएको छैन । युद्धको स्वरूप फेरिँदै जाँदा दुवै पक्षले सैन्य अखडाका अतिरिक्त गैरसैन्य संरचनालाई पनि निसाना बनाउन थालेका छन्, जसमा पेट्रोलियम उत्खनन क्षेत्र र रिफाइनरीहरू मुख्य तारो बनेका छन् । लम्बिँदै गएका युद्धका कारण अन्तर्राष्ट्रिय बजारमै पेट्रोलियम पदार्थ र ग्यास आपूर्ति शृङ्खला खलबलिन थालेकाले आगामी दिनमा नेपालले अझ गहिरो संकट झेल्नुपर्ने आकलन गरिएको छ। नेपालमा मासिक ४५ देखि ४६ हजार टन एलपी ग्यास खपत हुन्छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897252/government-debating-odd-even-system-to-avert-fuel-crisis**

## इन्धन अभाव टार्न कोइलाको भर पर्दै एशियाली देशहरू, बढ्दै स्वास्थ्य जोखिम

इरानमा भइरहेको युद्धको असर विश्वव्यापी ऊर्जा आपूर्ति शृङ्खलामा पर्न थालेको छ। विशेषगरी तेल र ग्यासको आपूर्तिमा अवरोध आएपछि एशियाली देशहरू बाध्य भएर प्रदूषणको मुख्य कारक मानिने कोइलातर्फ फर्किएका छन्। समाचार संस्था एपीका अनुसार, एशियाली क्षेत्र आफ्नो ऊर्जा आवश्यकताका लागि धेरै हदसम्म आयातित इन्धनमै निर्भर छ। यसको ठूलो हिस्सा होर्मुज स्ट्रेट हुँदै आउने गर्छ, जहाँबाट विश्वको करिब २० प्रतिशत तेल र प्राकृतिक ग्यासको व्यापार हुन्छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897384/asian-countries-rely-on-coal-to-avoid-fuel-shortages-increasing-health-risks**

## रास्वपाको काँधमा जनअपेक्षाको भारी

२०८२ फागुन २१ को आमनिर्वाचनमा रास्वपाले २७५ सिटमध्ये १८२ सिट जितेर करिब दुईतिहाइ बहुमत पाएको छ। रास्वपाले मधेशको पृष्ठभूमिबाट आएका युवा र सामाजिक रूपमा पछाडि परेका समुदायका प्रतिनिधिलाई नेतृत्वमा ल्याएको छ। रास्वपाले भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा सुधारका मुद्दा उठाउँदै संविधान संशोधनमार्फत संघीय संरचना र प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रधानमन्त्री व्यवस्था कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897421/the-burden-of-public-expectations-rests-on-the-shoulders-of-the-rashtriya-swayamsevak-sangh-rss**

## नेपाल विद्युत् प्राधिकरणको अडान : बजार सुनिश्चित नभई 'टेक अर पे' पीपीए हुँदैन

नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरीद सम्झौता (पीपीए) सम्बन्धमा भारतीय बजारमा विद्युत् निर्यातको सुनिश्चितता नभएसम्म 'टेक अर पे' मोडेलमा थप सम्झौता नगर्ने अडान लिएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले आर्थिक अभियानसँगको कुराकानीमा भारतीय बजारमा नेपाली विद्युत्को पहुँच र विक्री सुनिश्चित नभएसम्म थप पीपीए अघि बढाउन नसकिने बताएका हुन् । बाँकी... स्रोत : **https://abhiyandaily.com/news/457242/nepal-electricity-authority-s-stance--there-is-no/**

## नवौं अन्तरराष्ट्रिय महिला उद्यमी व्यापारमेला चैत २० गतेदेखि

महिला उद्यमी महासंघ नेपाल (एफवीन) ले यही चैत २० गतेदेखि ३ दिनसम्म नवौं अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेला आयोजना गर्ने भएको छ । विभिन्न जिल्लाका घरेलु, साना तथा मझौला महिला उद्यमी, व्यवसायी तथा निर्यातकर्ताको सहभागितामा ललितपुरको हेरिटेज गार्डेनमा मेला आयोजना हुने भएको छ । चैत २२ गतेसम्म आयोजना हुने उक्त मेलाका विषयमा जानकारी दिन महासंघले मंगलवार काठमाडौँमा पत्रकार सम्मेलन गरेको छ । बाँकी...

स्रोत : **https://abhiyandaily.com/news/457281/ninth-international-women-entrepreneur-trade-fair-from/**

## सार्वजनिक प्रशासनको विनिर्माण

राजनीतिले आफ्नो सहजताका लागि निर्माण गरेको सहयोगी संयन्त्रको आधुनिक स्वरूप सार्वजनिक प्रशासन हो । सार्वजनिक प्रशासनसँग सरकार र विधायिकीले बनाइदिएका नीति र कानुन हुबहु कार्यान्वयन गर्ने जिम्मेवारी रहन्छ । प्रशासनिक कानुनले उनीहरूको अस्तित्व संरक्षण र सञ्चालन गर्छ । त्यो प्रशासनिक कानुनको ढाँचा निर्माण र कार्यान्वयनको शैली राजनीतिक दर्शनबाट निःसृत हुन्छ । तसर्थ प्रशासनको भुत्तेपन वा निक्खराको अमृत वा विषको भागीदारी राजनीतिमा नै रहन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197987**

## नेपालका महिलाको वास्तविक सशक्तीकरणको प्रश्न

राजनीतिक प्रतिनिधित्वलाई सामाजिक र आर्थिक सशक्तीकरणसँग जोड्न सके मात्र महिला आन्दोलनले वास्तविक परिणाम दिन सक्छ । शहरी केन्द्रित बहसलाई ग्रामीण र सीमान्तकृत महिलाको जीवनसँग जोड्न आवश्यक छ । म यो लेख निर्वाचन परिणाम घोषणाको सम्मुख लेख्दैछु, नेपालमा भएको भदौ २३ र २४ को घटनाक्रम र निर्वाचन अहिले हामी यही सन्दर्भमा छौं; शायद मत परिणामको कारण धेरैलाई यो दिन सम्झना नहुन पनि सक्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1887316/the-question-of-the-real-empowerment-of-women-in-nepal**

## सुशासन मार्गचित्र

सुशासन आधुनिक राज्य व्यवस्थाको मेरुदण्ड हो । शासन प्रणाली कति लोकतान्त्रिक, उत्तरदायी र प्रभावकारी छ भन्ने मूल्याङ्कन केवल संविधान, कानुन वा संस्थागत संरचनाबाट मात्र हुँदैन । यसको वास्तविक परीक्षा नागरिकले दैनिक जीवनमा अनुभूत गर्ने सार्वजनिक सेवाको गुणस्तर, सरकारप्रतिको विश्वास र सार्वजनिक निकायको जवाफदेहिताबाट हुन्छ । नेपालमा पछिल्ला वर्ष राजनीतिक परिवर्तनसँगै सङ्घीय शासन प्रणालीको अवलम्बन तथा प्रशासन सुधारका विविध प्रयास भए तर नागरिकले अनुभूत गर्ने शासनको अवस्था अझै अपेक्षा अनुरूप बन्न सकेको छैन । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197985**

## संविधान संशोधनको समय

कुशल नेतृत्व र असल राजनीतिक पार्टीहरूले मात्र देशको भाग्य र भविष्य तय गर्न सक्छन्। संविधान संशोधन जस्तो राष्ट्रिय स्वार्थ जोडिएको काम तिनै राजनीतिक दलहरूको राष्ट्रिय सहमति र सामूहिक प्रयासबाट मात्र सम्भव छ। स पटक जनताले नयाँ भनिएको रास्वपालाई प्रतिनिधिसभामा झन्डै दुईतिहाइ सिट उपलब्ध गराए। संविधानसभाबाट संविधान जारीपछि नै कुनै पनि एकल राजनीतिक दलले यति धेरै मत र सिट पाएको यो नै पहिलो अवसर हो। जनताले पटक-पटक चेतावनी दिइरहँदा पनि पार्टीभित्र समयसापेक्ष सुधार गर्न नसकेका, समयमै नीति र नेतृत्वमा परिवर्तन नल्याएका पुराना प्रमुख राजनीतिक दल दण्डित भएका छन्। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/03/23/time-for-constitutional-amendment-46-07.html**

## संविधान होइन, नेता सुध्रिनुपर्‍यो अब

तत्कालीन सरकारबाट आन्दोलनमा उत्रेका युवा विद्यार्थीको हत्या गरेपछि जेन-जी आन्दोलनको बलमा गठबन्धन सरकार ढल्यो। राष्ट्रपतिको सक्रियतामा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको प्रधानमन्त्रीत्वमा सरकार गठन भयो। सो सरकारले २१ फागुनमा आमचुनाव गरायो। चुनावले रास्वपालाई दुईतिहाइनिकट बहुमत दियो। जेन-जी आन्दोलनपछि राष्ट्रपतिले धारा ७६ र १३२ हेरेर बसेको भए संविधान नबच्ने र संकटकाल लाग्ने अवस्था थियो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191344/2026-03-25**

## झन्झन् बिग्रँदै पृथ्वीको जलवायु सन्तुलन

पृथ्वीको जलवायु इतिहासकै सबैभन्दा बढी असन्तुलित अवस्थामा पुगेको छ । विश्व मौसम संगठन ( डब्लुएमओ) ले सोमबार जारी गरेको एक प्रतिवेदनका अनुसार वायुमण्डलमा हरितगृह ग्यासको बढ्दो घनत्वका कारण वायुमण्डल र समुद्र निरन्तर तातो बनेका छन् र हिउँ पग्लिँदै गएको छ । यो परिवर्तन पछिल्ला दशकमा झन् तीव्र र व्यापक भएको र यसको प्रभाव सयौंदेखि हजारौं वर्षसम्म रहने उक्त संस्थाको भनाइ छ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/the-earth-s-climate-balance-is-deteriorating-19-52.html**

## बेलायतको स्थानीय निर्वाचनमा होमिए नेपाली

संयुक्त अधिराज्यका चारमध्ये तीन राज्य इंग्ल्याण्ड, स्कटल्याण्ड र वेल्समा आउँदो ७ मेमा स्थानीय निर्वाचन हुँदैछ। काउन्सिल चुनाव ढिलाइमा सरकारले यु-टर्न लिएपछि १३६ स्थानीय काउन्सिलमा लगभग ५ हजार सिटका लागि निर्वाचन तयारी छ । सन् २०२४ को आमनिर्वाचन पछि हुन लागेको सबैभन्दा ठूलो यस निर्वाचनमार्फत स्कटल्याण्ड र वेल्स्का मतदाताले आफ्नो राष्ट्रिय संसदका लागि प्रतिनिधि छनोट गर्नेछन् भने इङ्गल्याण्डका ३० इंग्लिस काउन्सिलमा काउन्सिलर र मेयर चुनिनेछन् ।बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897497/nepalis-join-uk-local-elections**

## सवारी लाइसेन्स छपाइमा ढिलासुस्ती : ५ महिनामा २८ हजारमात्रै छापियो

१२ लाख स्मार्ट सवारी चालक अनुमति पत्र (लाइसेन्स) छपाइ गरिसक्नु पर्ने सम्झौताको म्याद अब एक महिनामात्र बाँकी छ । ६ महिनाभित्र १२ लाख थान लाइसेन्स छाप्ने सम्झौता भएकोमा सुरक्षण मुद्रण केन्द्रले पाँच महिनामा जम्मा २८ हजार थानमात्र छापेको छ। यातायात व्यवस्था विभागकाअनुसार केन्द्रले २८ हजार थान छापेर विभागलाई हस्तान्तरण गरेको छ। कुल करिब २८ लाख लाइसेन्स छाप्न बाँकी छ । समयमै लाइसेन्स छाप्न नसक्दा वर्षौंदेखि 'ट्रायल पास' गरेको रसिद खल्तीमा बोकेर हिँड्न बाध्य छन् सेवाग्राही । बाँकी... स्रोत : **https://www.ratopati.com/story/552595/delays-in-printing-driving-licenses-only-28000-printed-in-5-months**

## चिकित्सकको टोली हिमालमा

वसन्त ऋतुमा हिमाल आरोहणका लागि आएका आरोही र पदयात्रीको स्वास्थ्य जाँचका लागि चिकित्सकको टोली हिमालमा खटिएको छ। हिमालयन उद्धार सङ्घले आन्तरिक तथा बाह्य पर्वतीय पदयात्रीको उपचारका लागि सोलुखुम्बुको सगरमाथा बेस क्याम्प, फेरिचे र मनाङ जिल्लाका लागि विदेशी चिकित्सकसहित ११ जनाको टोली त्यसतर्फ खटाएको हो ।बाँकी... स्रोत : **https://www.ratopati.com/story/552625/a-team-of-doctors-in-the-mountains**

## एआई युगको नेपाली चुनाव

'बोल्नेको पिठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन ।' यसपालिको निर्वाचनले यो उखानलाई नयाँ अर्थमा प्रमाणित गरेको देखिन्छ । धेरै वर्षदेखि जरा गाडेर 'चामल बेच्दै' आएका दलहरूलाई आफूलाई नयाँ र वैकल्पिक राजनीतिक शक्ति भनेर चिनाउने दलहरूले 'पिठो बेचेर' देखाइदिए । तर यसपटक बेच्ने माध्यम भने नेपालको निर्वाचन इतिहासमै नयाँ र रोचक देखियो । यसपालिको चुनावमा सभा, सम्मेलन, भेला, गोष्ठी जस्ता परम्परागत चुनावी कार्यक्रम अपेक्षाकृत पातला देखिए । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/03/1897626/nepali-elections-in-the-ai-era**

## असामान्य विश्व व्यवस्थामा नेपालको भूमिका

अहिले ठूलो संख्यामा नेपाली विश्वव्यापी प्रणालीको हिस्सा बनेका छन् । त्यसैले सम्पन्न राष्ट्रहरू बीचको बढ्दो शक्ति संघर्षका बाछिटाहरूबाट हामी अप्रभावित रहन सक्दैनौं । पछिल्लो अन्तर्राष्ट्रिय वृत्तचित्रमा गएको वर्ष अर्थात् सन् २०२५ मा मात्रै एशियाभर फैलिएका जेनजी प्रदर्शनले पश्चिम अफ्रिकाका मुलुकहरू टोगोदेखि मडागास्कर हुँदै क्यारेबियन क्षेत्रसम्म र विश्वका अन्य भागहरूसम्म पनि प्रभाव पारेको देखिन्छ । यी प्रदर्शनहरूको परिणामस्वरुप मडागास्कर र नेपाल जस्ता देशमा जनताकै मतबाट निर्माण भएका सत्ता समाप्त भए ।बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1896983/nepals-role-in-an-unusual-world-order**

## पुस्ता-पुस्ताको सुरक्षा चिन्ता

राष्ट्रपति डोनाल्ड ट्रम्प इरानमाथिको अमेरिकी सैनिक कारबाही टुङ्ग्याउने चरणमा पुगेको सङ्केत 'सेतो घर' बाट प्रवाहित सूचना र टिप्पणीले गरेका छन् । प्रतिरक्षा मन्त्रालय (पेन्टागन) का गतिविधिबारे विवरण दिने अमेरिकी प्रेसले भने त्यो भनाइको पुष्टि गरेको देखिँदैन । उल्टो, सरकार हवाई आक्रमण र नौसेना तैनाथी सँगसँगै अब स्थल-सेनाका सिपाहीलाई इरानको भूमिमै उतार्ने (बुटस् अन द ग्राउण्ड) योजनामा छ भन्ने चर्चा चल्दैछ । हुनसक्छ, यो इरानी नेतृत्वलाई मनोवैज्ञानिक दबाब दिएर थर्काउने तरिका मात्र होस् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198172**

## स्वनिर्भर अर्थतन्त्रको सङ्कल्प

विश्व राजनीतिको आकाशमा मडारिएको युद्धको कालो बादलले नेपाल जस्तो आयातमा आधारित अर्थतन्त्र भएको मुलुकको भान्सामै प्रहार गरेको छ । मध्यपूर्वमा चर्किएको द्वन्द्वको प्रभाव केवल कूटनीतिक र सामरिक तहमा मात्र सीमित छैन, यसले इन्धन आपूर्ति, मूल्यवृद्धि र दैनिक जीवनका आधारभूत संरचनामै कम्पन ल्याएको छ । यस क्रममा ग्यास आपूर्तिमा देखिएको अवरोधलाई सम्बोधन गर्न सरकारले अघि सारेको 'आधा सिलिन्डर' नीति तत्कालीन राहतको उपाय हुन सक्छ तर यसले हामीलाई एउटा गहिरो प्रश्न सोध्न बाध्य बनाएको छ-के हामी हरेक सङ्कटमा यस्तै अस्थायी उपायमै सीमित रहने हो वा यसलाई दीर्घकालीन रूपान्तरणको अवसर बनाउने हो ? बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198170**

## नयाँ सरकारसँग जनअपेक्षा

नयाँ सरकारतर्फ ठुलो जनचासो र अपेक्षा रहेको छ । झन्डै दुई तिहाइको बलियो सरकार बन्ने हुनाले सरकारको स्थिरता र स्थायित्वबारेको चिन्ता त स्वतः हटेको छ तर जनताका थाती रहेका पुरानै अपेक्षा कसरी समाधान हुने छन् ठुलो प्रतीक्षाको विषय बनेको छ । नयाँ सरकारले नयाँ काम गर्नेभन्दा पनि सुरुमा जनताको ध्यान विगतदेखि थाती रहेका पुरानै समस्याको कसरी समाधान गर्छ भन्नेतर्फ नै बढी देखिन्छ । नयाँ योजना र कार्यक्रमका निकट समयमा जारी हुने नयाँ आर्थिक वर्षको बजेटसम्म पर्खनुपर्ने हुन्छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198169**

## दुई दशकको राजनीतिक जडता र परिवर्तनको मार्ग

रास्वपाको उदय केवल सत्ता परिवर्तन होइन, राजनीतिक संस्कार परिवर्तनको संकेत पनि हो । तर, जनताको विश्वास कायम राख्न अनि दीर्घकालीन रूपमा स्थापित हुन रास्वपाले सुशासन, सेवा प्रवाह सुधार र समावेशी विकासमा स्पष्ट परिणाम दिनुपर्नेछ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्रीको शपथ लिने तयारीमा छन्। २०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले हासिल गरेको अभूतपूर्व सफलता अहिले राजनीतिक विश्लेषणको प्रमुख विषय बनेको छ। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/03/26/two-decades-of-political-inertia-and-the-path-to-change-36-30.html**

## न्यायपालिकाको विश्वास वृद्धिको बाटो

न्यायाधीश नियुक्ति प्रक्रियालाई पूर्णतः पारदर्शी बनाउनु अपरिहार्य छ । न्यायाधीश बन्न चाहनेहरूको खुला आवेदन, उनीहरूको योग्यता र अनुभवको सार्वजनिक प्रस्तुति र छनोटका आधारहरूको स्पष्ट व्याख्या जस्ता उपायहरूले प्रक्रियालाई विश्वसनीय बनाउन सक्छन् । लोकतान्त्रिक शासन व्यवस्थामा न्यायपालिका राज्यको सबैभन्दा संवेदनशील र विश्वसनीय संस्थाको रूपमा स्थापित हुनुपर्छ । न्यायपालिका 'राज्यको अन्तिम आश्रयस्थल' भएकाले नागरिकले निष्पक्ष न्याय पाउने विश्वास राख्दछन् । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/03/26/the-people-are-the-ever-strong-opposition-19-24.html**

## प्रकृति, समाज र मानवीय जीवन 'पानीको अर्थ'

अग्रज कथाकार भागीरथी श्रेष्ठको लघुकथाकृति 'पानीको अर्थ' एक कार्यक्रमबीच लोकार्पित गरिएको छ । यो उहाँको दोस्रो लघुकथाकृति हो । ३४ वर्षअघि उहाँको पहिलो लघुकथाकृति 'रङ्गीन पोखरी' प्रकाशित भएको थियो । कृतिमा प्रकृति, समाज र मानवीय जीवनसँग पानीको सम्बन्धका कुरालाई कृतिभित्र उल्लेख गर्न खोजिएको छ । लघुकथा समाज नेपालले बुधबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि प्राडा दयाराम श्रेष्ठलगायतले कृति लोकार्पण गर्नुभयो । उक्त अवसरमा प्रमुख अतिथि डा. श्रेष्ठले लघुकथा लेखनमा संरचनागत शुद्धता हुनुपर्नेमा जोड दिँदै कृतिभित्रका लघुकथाबारे आफ्नो धारणा राख्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198161**

## कार्की आयोगको प्रतिवेदनमा नेपाल बारको असहमति

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका घटनाबारे जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदनप्रति नेपाल बार एसोसिएसनले असहमति जनाएको छ । बारले आफ्नो क्षेत्राधिकार बाहिर गएर आपत्तिजनक तवरमा न्यायालयका विषय प्रतिवेदनमा उल्लेख गरेको भन्दै असहमति जनाएको हो । त्यसबारे छलफल गर्न आज दिउँसो साढे एक बजे सल्लाहकार समिति बैठक पनि बोलाइएको उनले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1898106/nepal-bar-association-disagrees-with-karki-commission-report**

स्रोत : **https://www.ratopati.com/story/552834/bar-association-disagrees-with-commission-of-inquiry-report**

## वीरेन्द्रनगरमा 'कर्णाली समृद्धि महोत्सव'

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा 'कर्णाली समृद्धि महोत्सव-२०८२' बुधबारदेखि सुरु भएको छ । राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति सुर्खेतको आयोजनामा चैत ११ देखि २२ गतेसम्म महोत्सव सञ्चालन हुने भएको हो । वीरेन्द्रनगर नगरपालिका, १ स्थित रेडियो नेपाल परिसरमा सुरु भएको महोत्सवमा राष्ट्रिय तथा स्थानीय ख्यातिप्राप्त कलाकारहरूको प्रस्तुति रहने आयोजकले जनाएको छ । कर्णालीको कला र संस्कृतिको प्रवर्द्धन गर्दै स्थानीय व्यवसाय चलायमान बनाउने उद्देश्यसहित महोत्सव आयोजना गरिएको हो । बाँकी...

स्रोत : **https://ekantipur.com/karnali-pradesh/2026/03/26/karnali-prosperity-festival-in-birendranagar-04-15.html**

## कालिकोटको तिलागुफामा निःशुल्क स्वास्थ्य शिविरः ४५० भन्दा बढी स्थानीय लाभान्वित

कालिकोटको तिलागुफा नगरपालिकामा फैलिएको भाइरल ज्वरो र विभिन्न स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै हिन्दू स्वयंसेवक संघ नेपाल, कर्णाली प्रदेश ले एक बृहत् स्वास्थ्य शिविर सम्पन्न गरेको छ। पछिल्लो समय यस क्षेत्रका बासिन्दाहरूमा भाइरल ज्वरो, रुघाखोकी, जिउ दुख्ने, टाउको दुख्ने तथा पखाला र पेट दुख्ने जस्ता समस्याहरू व्यापक रूपमा देखिएपछि संघले स्थानीयलाई राहत पुऱ्याउने उद्देश्यले यो विशेष पहल गरेको हो। बाँकी... स्रोत : **https://samwadkhabar.com/news/14025**

## पहिलो भेट कथा

त्यो दिन मैले पैला बोलाकी," मेरो कुरो पन्छाउँदै उसले भन्यो, "तिमीले हैन, मैले ।" जहाँ जहाँ हामी भेटिन्थ्यौँ, कसरी तिमीले ? मैले हो, होइन तिमीले । हामी निष्कर्षविहीन छुट्थ्यौँ । अविस्मरणीय त्यो भेट बिनागाँठोको दाम्लो भयो । निर्णयविन्दु आएन । हुन त निर्णय नभए भेटको के अर्थ तर हामी दुईमध्ये पहिला कसले बोलाएको थियो ? चरण चरण छलफल हुन्थ्यो । उसले हार्न अस्वीकार गर्नु, म पनि के कम ! बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198519**

## पर्यावरण जगेर्नाको ज्ञान

पश्चिम नेपालको पर्वत जिल्लाको एउटा गाउँमा करिब तीन दशकअघि मेरो जन्म भयो । म आफ्नो बाल्यकालदेखि किशोरावस्थासम्म त्यहाँको भूगोल, वनजङ्गल, खेतबारी, कान्ला, थुम्का, तरेलीहरूसँग खेल्दै त्यस परिवेशसँग हुर्के, बढेँ। मेरा घरअगाडि तुलसीको मठ, अमलाको बोट, अन्य फलफूलगायत विभिन्न जातजातिका रुख र वनस्पति थिए। सानैदेखि घरमा पालेका बाख्रा, भेडा, गाई, भैँसीलाई स्याउला र घाँस लिन म साथी सङ्गीहरूसँग त्यही वरपरका वनजङ्गल, खेतबारी चहार्थें। त्यतिबेलादेखि नै आफ्ना वरपरका सम्पूर्ण बालीनाली, वनजङ्गल र त्यहाँको प्राकृतिक छटाले भरिपूर्ण भूगोल प्रिय लाग्थे। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/198486**

## प्रश्नैप्रश्न माथि उभिएका बालेनको अभिभारा

बालेन अब प्रश्नकर्ता रहेनन्, न रास्वपा। झन्डै दुईतिहाइको मत सहित सत्तारूढ राजनीतिक शक्तिमा रूपान्तरण भएकाहरूले आफूलाई जति धेरै जवाफदेही बनाउँछन्, उनीहरूको सान्दर्भिकता त्यति नै सिद्ध हुनेछ। मेरो उमेर समूहको पुस्ताले नेपालको राजनीतिक परिदृश्यमा भएका उथलपुथललाई नजिकबाट नियाल्ने, त्यसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुने र परिवर्तनका उपलब्धिहरूको उपभोग गर्ने दुर्लभ अवसर प्राप्त गरेको छ। यस अर्थमा हेर्दा हाम्रो पुस्तालाई 'भाग्यमानी पुस्ता' भन्नु अतिशयोक्ति नहोला। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1900327/balens-responsibility-standing-above-the-questions**

## महिलाको सहभागिता बढ्यो, नेतृत्व प्रभावकारिता बढेन

राजनीतिक विकासक्रमले महिलाको प्रतिनिधित्वमा उल्लेखनीय वृद्धि गरेको भए पनि वास्तविक समानुपातिक नेतृत्व र प्रभावकारिता हासिल गर्न अझै दल र समाजमा गहिरो आत्मालोचना र संरचनागत सुधार आवश्यक छ। नेपालको इतिहासमा गैरसत्तात्मक रूपमा दलीय राजनीतिको सुरुआत वि.सं. १९९० को दशकबाट भएको मानिन्छ । त्यस समयको सामाजिक-राजनीतिक परिस्थिति अत्यन्तै जटिल थियो, जहाँ राणा शासनको निरंकुश शासन व्यवस्था कायम थियो र नागरिक स्वतन्त्रता सीमित, त्यस्तो अवस्थामा पनि विभिन्न बौद्धिक तथा राजनीतिक व्यक्तित्वहरूले संगठित भएर लोकतान्त्रिक आन्दोलनको आधार निर्माण गरेका थिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1900341/womens-participation-has-increased-but-leadership-effectiveness-has-not**

## दलित समुदायसँग सरकारले औपचारिक माफी माग्ने

सरकारले दलित तथा ऐतिहासिक रुपमा बहिष्कृत समुदायसँग औपचारिक क्षमायाचना माग्ने निर्णय गरेको छ । मन्त्रिपरिषदबाट शुक्रबार स्वीकृत शासकीय सुधारका एक सय सूचीमा दलित समुदायसँग माफी माग्ने निर्णय उल्लेख छ । औपचारिक माफी सँगै मेलमिलापको आधार तयार पार्न सुधारका कार्यक्रम समेत घोषणा गरिने भएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1900294/government-to-formally-apologize-to-dalit-community**

## महिलाका लागि 'ब्लु बस' सञ्चालन गर्ने सरकारको घोषणा

सरकारले महिलाहरूको सुरक्षाका लागि भन्दै 'ब्लु बस' सञ्चालन गर्ने योजना अघि सारेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको १०० कार्यसूचीमा यो योजना पनि समावेश छ। 'महिलाहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न सातै प्रदेशमा निःशुल्क ब्लु बस सेवा सञ्चालन गर्ने,' सरकारको कार्यसूचीमा उल्लेख छ, 'पहिलो चरणमा १०० दिनभित्र कम्तीमा २५ वटा बस सञ्चालनमा ल्याउने ।' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1900315/government-announces-operation-of-blue-bus-for-women**

## सरकारले सार्वजनिक गऱ्यो शासकीय सुधारका सय कार्यसूची (पूर्णपाठ)

यद्यपि उक्त कार्यसूचीहरू सार्वजनिक भने गरिएको थिएन। शनिबार साँझ उक्त कार्यसूचीहरू सार्वजनिक गरिएको हो ।बालेन्द्र शाह (बालेन) नेतृत्वको नयाँ सरकारले शासकीय सुधारका लागि १०० वटा कार्यसूची सार्वजनिक गरेको छ। हिजो बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले कार्यसूची स्वीकृत गर्ने निर्णय गरेको थियो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1900234/government-publishes-100-agenda-items-for-governance-reforms-full-text'**

## फेवातालको अतिक्रमण हटाउने कार्य तीन महिनाभित्र सुरु गरिने

सरकारले कास्कीको पोखरास्थित फेवातालमा भएको अतिक्रमण हटाउने कार्य तीन महिनाभित्र सुरु गर्ने भएको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले शासकीय सुधारका लागि तय गरिएका १०० कार्यसूचीमा यो उल्लेख छ। 'पोखरास्थित फेवा संरक्षित जलाधार क्षेत्रको अतिक्रमण हटाई पुनर्स्थापना, पहिलो व्यवस्थापन, मुहान संरक्षण र जलवायु परिवर्तन अनुकूलका कार्यहरू सरोकारवालाहरूको सहभागितामा तीन महिनाभित्र प्रक्रियाअघि बढाइँ जलाधार क्षेत्रको प्रभावकारी रुपमा संरक्षण गर्ने,' निर्णयमा भनिएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1900279/work-to-remove-encroachments-on-fewa-lake-to-begin-within-three-months**

## मन्त्रीहरु पुल्चोक क्वाटरमा सर्ने तयारीपछि न्यायाधीशहरुलाई नैतिक संकट

पुल्चोकस्थित सरकारी निवास परिसरभित्र खाली रहेका भवनमा नवनियुक्त मन्त्रीहरु बसाइँ सर्ने तयारी गरेपछि त्यहाँ बसिरहेका न्यायाधीशहरु नैतिक संकटमा परेका छन्। सरकारले नवनियुक्त मन्त्रीहरुलाई पुल्चोकस्थित क्वाटरमा व्यवस्थापन गर्न थालेपछि त्यहाँ बसिरहेका केही न्यायाधीशहरु 'बसाइँ सर्ने' योजना बनाउन थालेका छन्। केहीले अस्थायी रुपमा भए पनि क्वाटर छाड्ने तयारी गरेका हुन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1900354/judges-face-moral-crisis-as-ministers-prepare-to-move-to-pulchowk-quarters**

## अबको निकास ?

नेपालले राजनीतिक उतारचढाव अनेकन भोग्यो। व्यवस्था विरोधी आन्दोलनले संघीय लोकतान्त्रिक गणतन्त्र पूर्ण रूपमा संस्थागत गर्‍यो। नेपालको यो व्यवस्थालाई सम्भवतः कुनै पनि नेपाली राजनीतिक शक्तिले पूर्ण प्रश्नचिह्न खडा गरेको पाइँदैन। यो व्यवस्थाबाट सिर्जित शासनले अहिलेको नेपाल अगाडि बढिरहेको छ। व्यवस्था परिवर्तन पछिको करिब दुई दशकपछि भने नेपालको राजनीतिमा पराकम्पन नै आयो, जुन 'जेन्जी' (Gen–Z) आन्दोलन थियो। बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/03/29/707629/whats-the-next-solution/**

## रास तालः धरान जाँदा अर्को रोमाञ्चक स्थल, फिसिङको सुविधा

सुनसरीमा दर्जनौं ताल तथा सिमसार क्षेत्र छन्। तर तीमध्ये रामधुनी नगरपालिका-७ स्थित रास ताल पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख आकर्षण बन्दै गएको छ। प्राकृतिक सौन्दर्य, फराकिलो फाँट र चारकोसे झाडीको घेराबन्दीमा शान्त रूपमा फैलिएको यो तालमा दैनिक रूपमा पर्यटकको घुइँचो लाग्ने गरेको छ। अरु तालभन्दा फरक विशेषता बोकेको रास तालमा मनोरम दृश्यावलोकनसँगै दिनभर फिसिङ (माछा मार्ने) सुविधा उपलब्ध हुनु यहाँको मुख्य आकर्षण हो। यही कारणले यहाँ दैनिक रूपमा धरान, इटहरी, विराटनगर, धनकुटा, वीरगंज तथा भारतका विभिन्न स्थानबाट समेत पर्यटक यहाँ पुग्ने गरेका छन्। बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/03/29/708047/ras-lake-another-exciting-place-to-visit-in-dharan-with-fishing-facilities/**

## सार्वजनिक ऋण व्यवस्थापन

नेपालमा सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ कार्यान्वयनमा आइसकेको छ । साविकदेखिको सार्वजनिक ऋण व्यवस्थापन गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना गरिएको छ । यस कार्यालयका अनुसार २०८० असोज मसान्तसम्ममा नेपालको तिर्न बाँकी आन्तरिक र बाह्य ऋण रु. २३ खर्ब ५४ अर्ब ५९ करोड २१ लाख रहेको छ। यसमा आन्तरिक ऋण रु. ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख रहेको छ । यसै गरी, बाह्य ऋणको अंश रु. ११ खर्ब ७१ अर्ब दुई करोड ३१ लाख रहेको छ । नेपालको वैदेशिक ऋणको आकार मझौला प्रकारको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/86217**

## अब कक्षा ५ सम्मका विद्यार्थीको आन्तरिक परीक्षा नगर्ने सरकारको निर्णय

सरकारले कक्षा ५ सम्मका विद्यार्थीको आन्तरिक परीक्षा बन्द गर्ने गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि लिइँदै आएको आन्तरिक परीक्षा प्रणाली पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको हो । साना बालबालिकामा परीक्षाका कारण सिर्जना हुने मनोवैज्ञानिक त्रास, तनाव र दबाबलाई न्यूनीकरण गरी उनीहरूको प्राकृतिक सिकाइ प्रक्रियालाई प्रोत्साहन गर्न यो कदम चालिएको सरकारले जनाएको छ। बाँकी...

स्रोत : **https://samatapress.com/news/2903394439**

## ०४८ यता सार्वजनिक पदमा रहेकाको सम्पत्ति छानबिन गर्न १५ दिनभित्र समिति गठन

सरकारले राष्ट्रिय स्वतन्त्र पार्टीको चुनावी वाचापत्रअनुसार शासकीय सुधारको काम थालेको छ। पहिलो मन्त्रिपरिषद् बैठकबाट वाचापत्रअनुसारका शासकीय सुधारका लागि सय कार्यसूची बनाएर त्यसलाई तत्कालै कार्यान्वयनमा लैजान लागेको हो। शुक्रबार बसेको पहिलो मन्त्रिपरिषद् बैठकले बनाएको सय कार्यसूची शनिबार सार्वजनिक गरेको छ। कार्यसूचीमा राज्यका सबै निकायमा सुधारका योजना छन्। जसमा सम्पत्ति छानबिनदेखि दलीय ट्रेड युनियन खारेजसम्मका विषय छन्। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191611/2026-03-29**

## नयाँ सरकारका चुनौती

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रचुर बहुमतका साथ सत्ताको बागडोर समालेको छ । लोकतन्त्रमा जनता नै सार्वभौम सत्ता सम्पन्न हुन्छन् । कसले राज गर्ने भन्ने निर्णय उनीहरूबाटै हुन्छ, यो लोकतन्त्रको प्रमुख चरित्र हो । लामो समयसम्म सत्ताको बागडोर सम्हालेकाप्रतिको असन्तुष्टिलाई जनताले मतदानमार्फत अभिव्यक्त गरे, अनि नयाँ दलप्रति भारी अपेक्षा र विश्वास पनि प्रकट गरे । निर्वाचन अगाडि भूमिका, मुद्दा, क्षमतामा बहस हुने गर्छन्, फेरि पनि हुँदै गर्लान् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/198607**

## नयाँ सांसदको काम : निर्वाचन क्षेत्रको श्वेतपत्रपछि मात्र योजना तर्जुमा

गत २१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनबाट नयाँ सांसद निर्वाचित भएर आएका छन् । नयाँ जोसका साथ काम गर्ने अठोट लिएर सिंहदरबार छिरेका सांसदहरूले केबाट काम सुरु गर्ने भन्ने अन्योल हुन सक्छ । केही अनुभवी सांसदले त यसअघि थालेका अपूरा कामलाई निरन्तरता दिने सोचेका होलान् । नयाँहरू अध्ययन-अनुसन्धानमै होलान । प्रतिनिधिसभामा प्रवेश गरेकामध्ये धेरैजसो पहिलो पटक सांसद बनेका छन् र युवाहरूको संख्या उल्लेखनीय छ । उमेरकै आधारमा हेर्दा २७५ सदस्यीय प्रतिनिधिसभामा ४० वर्षमुनिका सांसद ९३ जना छन् । बाँकी...

स्रोत : **https://nepalnews.com/2026/03/29/new-mps-job-formulate-plans-only-after-constituency-white-paper/**

## प्रेरक प्रसंग : क्रोधको ताप

धेरै अघि आदि शंकराचार्य र मण्डन मिश्रबीच लगातार १६ दिनसम्म शास्त्रार्थ चल्यो। शास्त्रार्थमा निर्णायकको भूमिकामा थिइन्, मण्डन मिश्रकी विदुषी धर्मपत्नी देवी भारती। शास्त्रार्थ चलिरहेको थियो। हारजितको फैसला हुन बाँकी नै थियो। यसैबिच कुनै विशेष अत्यावश्यक कामका कारण केही समयका लागि देवी भारतीलाई बाहिर कतै जानुपर्ने भयो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191384/2026-03-26**

## प्रधानमन्त्रीज्यू ! नेपालीहरू आशा र भरोसामा छन्

नेपालको राजनीतिमा २०८२ साल शाह्रै महत्वपूर्ण वर्ष रह्यो । राजनीतिले कसैलाई विस्थापित र कसैलाई स्थापित गर्छ भन्ने मान्यता यस सालमा देखियो । पुराना जसले नेपालको शासकीय स्वरूप र व्यवस्थापकीय पहिचान सदा आफ्नो चङ्गुलका राखे । यो आमनिर्वाचनले तिनलाई बढारिदियो । आशा र भरोसामा विश्वास नभएका जसले राजनीतिलाई देशविकासको आधार बनाए तिनलाई स्थापित गरिदिए जनता जनार्दनले । यही हो राजनीति र राजनीतिले देखाएको बाटो पनि । नेपालको राजनीतिमा २०७९ सालमा स्वतन्त्ररूपमा काठमाडौंको मेयरमा लडेर महानगर प्रमुख बनेका बालेन्द्र शाह आज देशको सरकार प्रमुख बने । यो नेपालको राजनीतिमा देखापरेको आमूल परिवर्तन हो ।

**https://ehimalayatimes.com/2026/03/433447/**

## प्रेरक प्रसंग : ज्योतिषी र व्यापारी

एकपटक सहरमा एक प्रसिद्ध ज्योतिषीको आगमन भयो। उनी देशकै नाम चलेका विद्वान् ज्योतिषी थिए। उनको जिब्रोमा सरस्वती विराजमान भएको विश्वास गरिन्थ्यो। उनले जीवनमा जे-जति भविष्यवाणी गरेका थिए, ती सबै सत्यसाबित भएका थिए। सहरमा उनको आगमन भएपछि उनलाई बस्नका लागि एक सरकारी आवास उपलब्ध गराइएको थियो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191181/2026-03-23**